नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, चितवन

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

सुचना प्रकाशित मिति: २०८३।०१।२३

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, चितवनको आ.व. २०८२।०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार तपसिल अनुसारको कार्यक्रममा समावेश हुन चाहने इच्छुक कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म/कम्पनीहरुले यो सुचना प्रकाशन भएको मितिले ७ औं दिन भित्र अर्थात मिति २०८३।०१।२९ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा/फर्मेट (परियोजना कार्यान्वयन म्यानुअल https://piuchitwan.pmamp.gov.np/publications मा हेर्न र डाउनलोड गर्न सकिने) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। यस कार्यक्रममा यस भन्दा अघि आवद्द नहुनुभएका नयां कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म/कम्पनीहरुले पनी आवक कागजात सहित आवद्दताको लागी निवेदन दीएर कार्यक्रममा समावेश हुन सक्नेछन । बिस्तृत जानकारीको लागी कार्यक्रम कार्यान्वयन एकाइ, चितवनमा सम्पर्कको लागी अनुरोध छ।

तपसिल:

| क.सं. | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम अनुदान बिवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| माटो स्वास्थ्य सुधार कार्यक्रम | | | | | | |
| १ | माटो सुधारका लागि कृषि चुन/जिप्सम/सुक्ष्मतत्व आदि सहयोग कार्यक्रम | पटक | २ | १.८ | कार्यक्रम अन्तर्गत कृषि चुनमा ५० प्रतिशत र ढुवानीमा सत प्रतिशत सम्म अनुदान सहयोग | केरा सुपरजोनको कार्यक्षेत्र भित्र सञ्चालन हुने (सम्पर्क: कन्हैय लाल साह ९७६२७५०७६७) |
| २ | प्राङ्गारिक मल/भर्मी कम्पोष्ट प्रवर्द्धन कार्यक्रम | पटक | १ | १.८ | भर्मि कम्पोष्टमा ५० प्रतिशत सम्म अनुदान सहयोग | |

### निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) कार्यक्रम माग सम्बन्धी निवेदन।

(२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

(३) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको र निर्माण पूर्वाधारका लागि १० वर्षको करार सम्झौतानामा।

(४) समुह/सहकारी/समितिको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि।

(५) स्थायी लेखा नम्वर (PAN) दर्ताको प्रतिलिपी।

(६) आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

(७) कार्यक्रम कार्यान्वयन एकाइबाट उपलब्ध गराइएको ढाँचामा लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना।

(८) अन्य निकायहरुबाट सोही प्रकृतीको कामबाट लाभान्वित नभएको र दोहोरो नपर्ने प्रतिवद्धता।

**बिस्तृत जानकारीको लागि:**

कार्यक्रम कार्यान्वयन एकाइ, भरतपुर, चितवन; सम्पर्क नं. ०५६-४९३३१२, ९८५५०७७९७०, ९८५५०९२२२०, Email:pmamp.piu.chitwan@gmail.com

**पुनश्च:** जोन क्षेत्र अन्तर्गत सूचिकृत हुन इच्छुक समूह/सहकारी/जल उपभोक्ता समूह/फर्म/कम्पनीहरुले कार्यालयबाट निर्धारित फारम लिई सूचिकृत हुन सक्नुहुनेछ। यस आ.व. का कार्यक्रमहरुमा माग आवेदन फारम पेश गर्न सूचना प्रकाशन भई आवेदन/माग फारम बुझाउने अन्तिम मिति सम्म सूचिकृत भई आवेदन/माग पेश गर्नु पर्नेछ।